॥ओ३म्॥

# महापुरुषहरूको दृष्टिमा

## महर्षि दयानन्द सरस्वती

डा० भवानी लाल भारतीय
पुस्तकालय
क्रम संख्या
विषय

प्रकाशकः
नेपाल आर्यसमाज केन्द्रीय कार्यालय
तथा
आरोग्य मन्दिर

अनुवादकः
डा० नरेन्द्रनाथ भट्टराई
सल्लाहकार आरोग्य मन्दिर

ओ३म
गुरु विरजानन्द दण्डी
संदर्भ पुस्तकालय
दयानंद महिला महाविद्यालय
कुरुक्षेत्र
वर्गीकरण नम्बर ....... 1605
पु. परिग्रहण क्रमांक ..........................

…को अर्थ युक्त भजन

…र्वरेण्यं,

…प्रचोदयात् ॥

यजु ३६।३

…े होस् ।

…विद्वान् होस् ।

…ोस् ।

…होस् ।

स्वः सब सुखस्वरूप, सुखमय, सुखद र महान् हुनुहोस् ॥

तत्–त्यो नै सुप्रसिद्ध भगवान् ! वेदवर्णित सारहोस् ।

देव सवितुः सबै उत्पादक र पालनकर्ता पनि होस् ।

शुभ "वरेण्यम्" धारणगर्न योग्य तपाईंनै हो ।

शुद्ध 'भर्गः' मलरहित भजनगर्न योग्य निष्पाप पनि हो ॥

दिव्य गुण देवस्य दिव्य स्वरूप प्रभुरूपको ।

धीमहि धारण गरौं दिव्य गुण गुणरूपको ॥

धियो हाम्रोहरूको बुद्धिलाई निर्मल गराइदिनुहोस् ॥

यो नः प्रचोदयात्–सत्मार्गमा दत्तचित्त हुने शक्ति मिलिरहोस् ॥

बुद्धिलाई शुभज्ञान मिलोस्, आफ्नो शरणमा लिनुहोस् ।

वेदपथमा हाम्रो पथिक हामीलाई 'अमर' पद दिनुहोस् ॥

वेदज्योतिले जगमग जगमगाओस् सारा भूमण्डल ।

'अमर रहोस्' सुख शान्ति विश्वमा होस् सदा मंगल ॥

टेक बहादुर रायमाझी

संस्थापक नेपाल आर्य समाज

संस्थापक/अध्यक्ष आरोग्य मन्दिर

मानसिक चिकित्सालय

## नेपाल आर्यसमाज एवं आरोग्य मन्दिरका संरक्षक द्वयको



योगिराज नरहरिनाथ



डा० स्वामी प्रपन्नाचार्य

गुरु विरजानन्द दण्डी
सन्दर्भ पुस्तकालय
1605

# शुभकामना

उक्त दुबै संस्थाका संस्थापक श्री टेकबहादुर रायमाझीद्वारा श्री अरविन्द योग मन्दिरको स्थापना गरी श्री अरविन्द तथा माताजीको पूर्ण योग विषयमा ज्ञान दिलाउन ठुलो मद्दत दिने निश्चित छ, यस संस्थाको उत्तरोत्तर उन्नतिको कामना गर्दछौं ।



श्री टेक बहादुर रायमाझी
सुविख्यात त्रिशक्ति पट्ट
सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु
महेन्द्ररत्न सुभूषण
(भू०पू० अञ्चलाधीश)

# प्रकाशकीय

आर्य समाजका प्रणेता तथा दिव्यज्ञानग्रन्थ, वेदका पुनरुद्धारक महर्षि दयानन्द सरस्वतीको बारेमा धेरैजना अनभिज्ञ रहेका र आर्य समाजका बारेमा विपरीत विचार प्रकट गरेर जनतालाई सही मार्गमा लाग्नबाट अवरोध खडा गर्ने केही स्वार्थी, धन, पद र प्रतिष्ठालोलुप तथाकथित पण्डितहरू समेतका लागि आर्य समाजका बारेमा सही दिशाबोध गराई कुमार्गबाट बच्ने र बचाउने उद्देश्यले "महापुरुषहरूको दृष्टिमा महर्षि दयानन्द" नामक यो पुस्तिका नेपाल आर्य समाज आशोरम मन्दिरद्वारा प्रकाशित गरिएकोछ ।

नेपाली भाषामा सुस्पष्ट र संक्षेपीकरण गरी अनुवाद

गरिदिनु हुन हाम्रो अनुरोधलाई स्वीकार गरी सहयोग गरि दिनु हुने आरोग्य मन्दिरका सल्लाहकार श्री नरेन्द्रनाथ भट्टराई लाई नेपाल आर्य समाज परिवार हार्दिक कृतज्ञता प्रकट गर्दछ। साथै श्री अरविन्द र पूर्ण योग संक्षिप्तमा लेखी सहयोग गरिदिनुहुनेमा मानार्थ अध्यक्ष अमर बहादुर कार्की (प्रमुख सल्लाहकार श्री अरविन्द योगमन्दिर) लाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु।


| | |
|---|---|
| **श्री फलकचन्द्र विष्ट,** | **टेक बहादुर रायमाझी** |
| अध्यक्ष, | संस्थापक, |
| श्री अरविन्द योग मन्दिर | आरोग्यमन्दिर– नेपाल आर्य समाज। |

संरक्षक
श्रीअरविन्द योग मन्दिर तथा
किरातेश्वर संगीताश्रम पशुपतिक्षेत्र

सत्यार्थ प्रकाश नेपालीमा चाँडै बजारमा आउँदैछ, अग्रिम बुकिङ्ग खुल्ला छ।

TEMPLE OF HEALTH
आरोग्य मन्दिर
२०४७

नेपाल आर्य समाज



# मेरो भन्नु :

नरेन्द्रनाथ भट्टराई

एकातिर धर्मको नाममा रूढिवाद र अन्धविश्वास जगाएर मनगढन्त कृयाकाण्डमा अल्झाएर धर्मलाई ठगीखाने भांडो बनाउन पल्केकाहरूको चालचलनले गर्दा आज पृथ्वी वाटनै धर्म धरमराउन लागिरहेको वेलामा अर्कोतिर धर्म जस्तो शाश्वत सनातन कुरालाई राजनीति अन्तर्गत राखेर सीधासाधा जनताहरूलाई धर्मको जालमा फसाएर स्वार्थ-पूर्ति गर्न पल्किएकाहरूको कारणले गर्दा धर्मलाई कुन कुन दूषित, घृणित र अपहेलित पार्दै लगिरहेकाछन् । सत्य धर्मलाई जोगाउन, हुर्काउन, फैलाउन यहाँ कोही संलग्न छैनन् । सबै केवल आफ्नो लागि धन, पद र प्रतिष्ठा बटुल्न र जोगाउनमा नै व्यस्त छन् । धर्मको नाम लिएर खडा भएका मत, सम्प्रदाय, संघ, संस्था प्राय सबै आ–आफ्नै डम्फु बजाएर आफूतिर आकर्षित गर्ने र स्वार्थपूर्ति गर्ने काममा नै व्यस्त छन् ।

धर्म शाश्वत छ, सनातन छ, असीम छ, निर्विवाद छ। धर्मनै यावत कुराको सत्ता हो। धर्मबाट कोही पनि कहिल्यै पनि, कत्तिपनि अलग भएर रहन सक्दैन। साधनको रूपमा धर्मलाई हेर्ने हो भने धर्म त्यो क्रियापद्धतिको नाम हो जसले ब्रह्माण्ड र यस भित्रका तमाम चेतन र जड प्रकृतिका तत्वहरू-लाई हरतरफबाट उन्नति गराएर यहाँ बस्ने जीवजन्तु, वृक्ष-वनस्पति सबैलाई शान्ति मार्गमा डोऱ्याएर दुःखबाट सदाको लागि विमोचन गराइदिन्छ। आफ्नो अगाडि विशेषण लागेर धर्म कहिल्यै निक्लिदैन। कुनै पनि मत र संप्रदायमा धर्म विभाजन हुँदैन, कुनैपनि वाद र विचारमा धर्म आधारित हुँदैन। आज मानिस यतिसम्म पागल भैसके कि अब देशलाईनै पनि धर्म निरपेक्ष बनाउनु पर्दछ भन्ने जस्तो आवाज समेत उठाउन लागिसके। धर्म निरपेक्ष भन्नु र प्राणविहीन भन्नु एकै कुरा हो। आगोलाई नपोल्ने बनाउँछु सूर्यलाई उदय र अस्त हुनबाट रोक्छु, पानीबाट तरलता हटाइदिन्छु र धर्मलाई निरपेक्ष बनाउछु भन्नु एकै हो। मत, संप्रदाय, रूढिवाद र अन्धविश्वास जस्तालाई धर्मको रूपमा हेरेको हो भने यस्ता अधार्मिक क्रियाकलापलाई निर्मूल पार्न चाहिं अवश्य पनि हामी एकजुट हुनैपर्दछ।

आर्य भनेको कुनै संप्रदाय, मत वा दल होइन। आर्यको सही अर्थ हो– बुद्धिमान मानिस। सहीलाई सही र गलतलाई गलत भन्ने कुरा जानेर, बुझेर गलतको पछि नलागी सत्यलाई अपनाउने, सद्व्यवहार गर्ने र सधैं सत्मार्गमा लागिरहने मानिसलाई नै आर्य भनिन्छ। यस्ता बुद्धिमानहरूको

समाजलाई नै आर्य समाज भनिन्छ। प्राचीन समयमा यस भूमण्डलमा सर्वत्र आर्य समाज स्थापित थियो। त्यस समयमा यो भूमण्डल आध्यात्मिक र भौतिक दुवै क्षेत्रमा सम्पन्न थियो। जीवन सन्तुलित थियो। भौतिक सुख समृद्धिका साथै आध्यात्मिक चेतना समेत भएकोले त्यस समयमा मानिस सुख, शान्ति र समृद्धशाली भएर सार्थक जीवन जिउँदथे। यसै कारणले त्यस बखतलाई सत्य युगको नामले पुकारिन्थ्यो— आज पनि जर्मन जाति आफूलाई हामी सच्चा आर्य हौं भनी गौरवको अनुभव गर्दछन्। तर अपशोच, आर्यावर्तमै जन्मिएर, हुर्किएर, रहेर पनि आज हामी आर्य हुनु त कता हो कता आर्यको अर्थ समेत बिर्सिदिएर अनेक मत र संप्रदाय रूपी पासोमा आफूलाई पारेर पशुभन्दा पनि नीच बनेर भोग वासना र क्षुद्र स्वार्थको लागि मर्न मार्न उद्दत भैरहेका छौं। अब त चेतौं, अबत सजग हौं, अब त सत्मार्गमा लागेर सच्चा आर्य भएर बाँचौं।

ज्ञानको खानी वेदका विज्ञाता तथा आर्यसमाजका पुनरुद्धारक महर्षि दयानन्दको बारेमा केही महापुरुषहरू र विशेषतः योगेश्वर श्री अरविन्दले के भन्नुभएकोछ, दयानन्दको कृतिले वहांमा कस्तो छाप पारिदिएकोछ वहांहरूको उद्घोषलाई नेपाली भाषामा सरलीकरण र संक्षेपीकरणमा अनुवाद गर्ने सुअवसर मलाई प्रदान गर्नुभएकोमा नेपाल आर्य समाज प्रति म कृतकृत्य छु।

त्यस समयमा महर्षिव्यासले पृथ्वीबाट लुप्तभएको वेदलाई सङ्कलन गरी शाश्वत, सनातन धर्मको रक्षा गरेर

जगत्‌को उद्धार गरे ॐ महर्षि दयानन्दले अन्धविश्वास, आडम्बर र स्वार्थको धुलोमैलोले ढाकिदिएर विकृत पारिदिएका र भारतबाट लुप्तप्राय भैसकेको वेदलाई मन्थन गरी प्राचीन वैदिक सभ्यता तथा संस्कृतिलाई पुनरुद्धार गरेर सुसम्पन्न, सुसङ्गठित सनातन धर्मावलम्बी आर्य समाजलाई पुनर्जागरण गराउने क्रममा सत्यार्थ प्रकाश, ऋग्वेदादि भाष्यभूमिका आदि जस्ता अमिट र अनुपम ग्रन्थ समेत छोडेर जानुभएको छ ।

सर्वप्रथम हामी यो सानो पुस्तिका पढौं, केही महा-पुरुषहरू र महात्मा अरविन्द के भन्नुहुन्छ, वेद उपर महर्षि अरविन्दको के विचार छ त्यसबारे पनि पढौं, बुझौं, र आफैं निधो गरौं वास्तविकताको ।

नरेन्द्रनाथ भट्टराई
अनुवादक

# श्री अरविन्द र पूर्णयोग

— मास्टर अमर बहादुर कार्की

श्री अरविन्द घोषको जन्म कलकत्तामा सन् १८७२ अगस्त १५ का दिन विहान ५ बजे (श्री कृष्ण जन्माष्टमीको दिन) को समयमा भएको थियो। पाश्चात्य सभ्यताको शिखरमा पुगेको बेलायतमा बसी निपुण डाक्टर बनेका कृष्ण घोषले युरोपीय वातावरणमा हुर्काउन ५ वर्षको कलिलो उमेरमा नै छोरालाई दार्जिलिङ्गको कन्भेन्ट स्कूलमा भर्ना गरिदिए र दुई वर्षपछि अरूलाई समेत वेलायतको म्यानचेष्टर शहरमा पुऱ्याए र एक मित्रको घरमा छोडे। ती केटाहरूलाई कुनै भारतीयसँग भेट्न नदिनु भन्ने उनको इच्छा थियो। ती विद्वान् अंग्रेजले अरविन्दको प्रतिभा देखेर उनलाई घरैमा राखेर आफैले ल्याटिन भाषा पढाए र अरू भाइलाई स्कूलमा पठाए। दुई वर्ष पछि ती मित्रले अरविन्दलाई लण्डनको सेन्ट पल स्कूलमा भर्ना गरिदिए। बालकको लगनशीलताबाट प्रभावित भएर हे० मा० ले उनलाई आफैले ग्रीक भाषा सिकाउँदै उच्च कक्षामा चढाउँदै लगे। त्यो स्कूलमा ५ वर्ष बिताए पछि वार्षिक ८० पौण्डको छात्रवृत्ति पाएर उनी क्याम्बृजको किंग्स कलेजमा पढ्न पुगे। कक्षाको लेखपढको काम सके

पछि उनी बेलायत, फ्रान्स, जर्मन, इटाली र स्पेनको खास-गरी साहित्य र इतिहासको अध्ययनमा बाँकी समय बिताउँथे तथा कविता लेख्दथे । ग्रीक र ल्याटिन जस्ता प्राचीन भाषाको अध्ययनका निम्ति राखिएका पुरस्कारहरू जित्न उनलाई कत्तिपनि कठिन परेन ।

उनले सन् १८९० मा आइ० सी० एo परीक्षा राम्रो अङ्क पाएर पास गरेर उच्च ओहदामा प्रवेश पाउनेद्वार खोले । तर सरकारी सेवामा नलाग्ने उनको अठोट भएकोले उनी घोडचढी परीक्षामा सामेल भएनन् । वरोडामा राजाले उनलाई नोकरी दिइ भारत ल्याए ।

शुरू २ मा वेलायतको बास मजाको भए पनि पछि २ कष्टदायक हुन पुग्यो । बाबुले ठीक २ समयमा खर्च पठाउँदैनथे तथा खटाएको खर्चले ३ भाईलाई खाना लाउन पुग्दैन थियो । छात्रवृत्ति र मितव्ययितावाट उनीहरूको गुजार चलेको थियो ।

बेलायतमा १३ वर्ष बिताएर सबै भाई भारत फर्के जुन जहाजबाट उनीहरू आउने भएका थिए काम विशेषले गरेर यिनीले त्यो जहाज छोड्नुपऱ्यो । त्यो जहाज बाटैमा समुद्रमा डुब्यो । प्यारा पुत्रहरू जहाजसंगै डुबे भन्ने आशंका-बाट शोकले पिता कृष्णधनको मृत्यु भयो । केही दिन पछि उनीहरू सकुशल फर्किए ।

वम्बैको अपोलो बन्दरगाहमा टेक्ने वित्तिकै अरविन्द लाई एक अपूर्व शान्तिको अनुभव भयो र उनी आफैं चकक परे । वाबु मरिसकेको सुन्दा तथा आमालाई शोकाकुल

अवस्थामा पाउँदा छोराहरूको हृदय कति छिया छिया भयो होला पाठकवर्ग आफैं कल्पना गर्नुहोस् ।

बरौडा दरबारको सेवामा उनको १३ वर्ष बित्यो । शुरु शुरुमा तत्व र दर्शन शास्त्रमा उनले रुचि लिएनन् । भारतीय विचारधाराको उनले पढेका पहिला किताब थिए श्रीराम कृष्ण चरितामृत र विवेकानन्दका भाषणहरू । अध्यात्मिक अनुभूतिमा उनी चाख लिन्थे तर योगाभ्यास तिर उनी बढेनन् । किनकि योगलाई उनी पलायनवाद मान्दथे । उनको विवाह सनातन धर्म अनुसारको विधिबाट भयो ।

ओढ्नेमा गुटुमुटु परेर औलोको ज्वरोले कामिरहेको व्यक्तिलाई एउटा नागाले फुकेको पानी पिलाएर तुरुन्तै रोग-मुक्त पारेको देखेर उनको मनमा योगको प्रभाव पऱ्यो । साथीको सहायताबाट उनले योगाभ्यास शुरू गरेर प्राणायाममा दिनको ५ घण्टा बिताउन थाले । गुरुको खोजमा नर्मदा नदी सम्म पुगे र त्यहाँ काली मन्दिरमा कालीको विश्वमूर्तिको दर्शन पाए । त्यो थियो उनले कल्पना नै नगरेको घटना ।

१९०६ सन् देखि उनी राजनीति तिर ढल्के । उनी कांग्रेसमा सामेल भए । देशवासीलाई जाग्रत पार्न अनेक लेख उनले छपाए र गिरफ्तारीमा पनि परे । यिनको लेखले प्रबुद्ध वर्गमा कुनै प्रभाव पारेन तथा कांग्रेसमा पनि फूट पैदा भयो । यसको अर्थ थियो बलिदानका निम्ति जनता तयार भएका थिएनन् । विष्णु भास्कर लेले नामक योगीसँग उनको भेट भयो । लेलेले उनलाई ब्रह्मसाक्षात्कार गराइदिए । योगाभ्यासको बाटो खुल्यो । बम काण्डमा झोरमा थुनिदा

उनले गीताको गहिरो अध्ययन र अभ्यास गरे। जब वर्ष दिन पछि उनी निर्दोष ठहरिए र वाहिर आए उनमा वासुदेव नै सबै रहेछन् भन्ने अनुभव भयो र सनातन धर्मको बारेमा भाषण दिए।

उनी कलकत्ता छोडी पंडीचेरी पुगे ५।७ जना साथीका साथमा योगमग्न भए। बिस्तारै भक्तजनको संख्या बढ्न थाल्यो। जब फ्रेन्च महिला जापानबाट पंडिचेरी आउनु भयो श्री अरविन्दले माताको हातमा आश्रम जिम्मा दिएर आफू एक कोठामा साधनामा लाग्नु भयो। वहाँको समय ४ घण्टा विश्राममा, ८ घण्टा ध्यान र हिंडडुलमा र १२ घण्टा पत्रोत्तरमा वित्दथ्यो। सन् १९५० डिसेम्बरमा वहाँले देह त्याग्नु भयो तर ३ दिन सम्म उहाँको शरीरमा प्रकाश रह्यो।

श्री माताले श्री अरविन्द अन्तर्राष्ट्रिय शिक्षा केन्द्र र ओरोविल नामक बस्ती स्थापना गरेपछि सन् १९७८ नोभेम्बरमा प्राण त्याग्नु भयो र वहाँको शरीरमा पनि ३ दिनसम्म उज्यालो रह्यो।

अहिले श्री अरविन्द आश्रम ४ जना साधकको रेख–देखमा चलिरहेछ।

## पूर्णयोगको स्वरूप

सत्यचेतनाको नाम हो भगवान, परमात्मा, परमा–त्माको यो सृष्टि मिथ्या होइन। उनको क्रीडास्थल हो। माटो बनी माटो भित्र लुकेर रहेको चैतन्य पहिले वनस्पति, अन्तिम

होइन । यसभन्दा माथि सच्चिदानन्द रहेको छ । यो चेतनाको क्षीण भएको पृथ्वीमा आइसकेको छ । यसलाई ग्रहण गर्नु र पछि प्रतिष्ठित पारेमा वैदिक पुर्खाहरूको असत्‌बाट सत्‌मा, अन्धकारबाट प्रकाशमा, मृत्युबाट अमृतमा प्राप्त होऔं भन्ने पुकार मूर्तिमान हुनेछ–

यो महान कार्य सफल पार्न जंगलमा जानु पर्दैन । बानरले मानव चेतना पाउँदा मानवले दिव्यचेतना प्राप्त गर्न नसक्नु किन ? चाहिएको छ माथिको कृपा र तलका मानिसको श्रद्धा, त्याग, पुकार र समर्पण ।

साधन – अन्तर्मुखी गति र उर्ध्वमुखी गति ।

# महर्षि दयानन्द र आर्य समाजप्रति

## योगिराज श्री अरविन्दको उद्घोष

आजको बीसौं सताब्दीमा आध्यात्मिक क्षेत्रमा अभिरुचि र जिज्ञासा हुने जो कोहीं पनि युगद्रष्टा श्री अरविन्द संग अपरिचित छैनन् होलान् । विश्वका असंख्या चेतनशील मानिस भारतको पण्डिचेरी स्थित अरविन्द आश्रममा बसेर साधनारत भएर रहे तथा आजसम्म पनि देश बिदेशबाट असंख्य व्यक्ति त्यस आश्रममा गएर जीवनको वास्तविक रसास्वादन गर्दछन् । योग र ज्ञानको माध्यमबाट वहाँले विश्वका असंख्य दु:ख र पीडाले संतप्त मानिसलाई मार्ग दर्शन गर्नुभयो ।

पश्चिमी भौतिकवादी वातावरणमा रही ७ वर्षको उमेर देखि २१ वर्षको उमेरसम्म अध्ययन गरी स्वदेश, भारत फर्कनु भएका श्री अरविन्दलाई पश्चिमी भौतिकवाद र आधुनिक भौतिक सुख सुविधाले आकर्षण गर्न पटक्कै सकेन । वहाँको अन्तरचेतनामा रहेको आध्यात्मिकता प्रस्फुटित भयो । वहाँले वेद, उपनिषद र गीताको आन्तरिक रहस्यलाई सुस्पष्ट पारी जनसमक्ष राखिदिनुभयो । जसको अध्ययन, मनन, र चिन्तनद्वारा कैयौं मानिसले आत्मसाक्षात्कार गरे ।

वहाँको वारेमा यस्तो पनि भनिन्छ–भगावान श्री कृष्णले अर्जुन मार्फत हामीलाई दिनु भएको गीताज्ञानको रहस्यलाई विस्तृत रूपमा व्याख्यागरी आजको युगलाई समेत बिल्कुलै सुहाउने गरी गीतालाई परिपूर्ण रूपमा दर्साइदिनु भएकोले वहाँ यस युगको योगेश्वरनै हुनुहुन्छ । हुनपनि हालसम्म गीता

मा भएका हजारौं व्याख्याहरूमा वहाँको व्याख्यालेनै सर्वोपरी स्थान लिएको छ । यस्ता युगद्रष्टा, योगेश्वर अरविन्दको दृष्टि मा तथा अनुभूतिमा महर्षि दयानन्द र वहाँले गर्नु भएको वेदको व्याख्या तथा वहाँबाट स्थापित आर्यसमाज कस्तो छ हामी पनि पढौं र विचार गरौं:

महर्षि अरविन्द भन्नुहुन्छ, "भारतीय नवजागरणको शिखरमा अनेक महापुरुषहरू देखिनु भएकाछन् तर ती महापुरुषहरूको मण्डलीमा महर्षि दयानन्द आफ्नो अनौठो र अनुपम विशेषताको कारणले गर्दा अरू महापुरुष भन्दा ज्यादै स्पष्ट, अलग्ग र छुट्टै हुनुको साथै वहाँको कार्यशैली पनि विशेष प्रकारले आफ्नै ढंगको छ ।

जब म महर्षि दयानन्दको विषयमा आफ्नो भावना-लाई चित्रण गर्ने कोशिस गर्दछु अर्थात् म माथि वहाँको जो छाप परेको छ त्यसलाई अब म जस्ताको जस्तै रुप दिने चेष्टा गर्दछु त्यस बखत यो महापुरुषको जीवन र कर्मका दुई महान, सुस्पष्ट तथा विलक्षण गुण मेरो सामने प्रकट हुन्छ । यी दुई गुण वहाँका समकालीनहरूको भन्दा बिल्कूलै भिन्न र र अनौठो देखिन्छ । अन्य महापुरुषहरूले जातिलाई आध्या-त्मिक उपादानमा उडेलिदिएर (मिलाईदिएर) भारतको नव निर्माणमा सहयोग गर्नु भयो भने वहाँले अनिश्चित स्वरूप भएको चलायमान द्रव्यमा आफ्नो आध्यात्मिकता-लाई ढालिदिनु भयो । यही द्रव्य एक दिन स्थिर रूप धारण गर्नेछ र प्रकृतिको एक महान दृश्य जन्मको रूपमा हाम्रो

सामु आउनेछ। वहाँ एक यस्ता महान आत्मा र महा प्रभावशाली व्यक्तिको रूपमा स्मरणीय हुनुहुनेछ जो भारतको आत्मामा निवास गर्नेछ। वहाँ हामीहरू भित्रै हुनुहुन्छ। वहाँ विना, निसन्देह हामी आज जो छौं त्यो हुनेथिएनौं।"

महर्षि दयानन्दका विलक्षण कार्यलाई वर्णन गर्दै दृष्टान्तको रुपमा महर्षि अरविन्द महाराष्ट्रका अर्थशास्त्री, सुधारक र देशभक्त महादेव गोविन्द रानाडे र भारत शक्ति-को आत्मरूप विवेकानन्दका सत कार्यलाई दर्शाउनुहुन्छ।

महर्षि भन्नुहुन्छ, 'दयानन्दको कार्यशैली बिलकुलै भिन्न थियो। वहाँ एक यस्तो मानव हुनुहुन्थ्यो जसले आफ्नो वस्तुलाई अनिर्धारित रूपमा नभएर वस्तु तथा मनुष्य उपर आफ्नो आकृतिको यस्तो अमिट छाप लगाइदिनुभयो "पित्तलमा लागेको मोहोर छाप जस्तो"। वहाँ यस्तो महा-पुरुष हुनुहुन्थ्यो जसको साकार कार्य उहाँको आत्मिक शरीर बाट जन्मेका सुन्दर, बलिष्ट तथा प्राणपूर्ण आफ्नै प्रतिछवि स्वपुत्र जस्तो थियो। वहाँ एक यस्तो व्यक्तित्व हुनुहुन्थ्यो जो निश्चित तथा स्पष्ट रूपमा जान्नुहुन्थ्योकि वहाँलाई यस भूमण्डलमा के काम गर्नको लागि पठाइएको हो। वहाँले आत्माको प्रभुत्वपूर्ण दृष्टिद्वारा आफ्नो साधन सामग्रीको छनोट र कामको अवस्थालाई निर्धारण गरेर आफ्नो संकल्पित विचार-लाई सिद्धहस्त तथा जन्मसिद्ध कार्यकर्ताले जस्तै दक्षतापूर्वक कार्य रूपमा परिणत गरिदिनु भयो। "महर्षि अरविन्द भन्नु हुन्छ," जब म परमेश्वरको कारखानामा तयार भएको यस दुर्दम कारीगरको मूर्तिको ध्यान गर्दछु त्यसबेला मेरा सामने

झुण्डकाझुण्ड चित्रहरू आउन थाल्दछन् जो सबैका सब संग्रामका, कर्मका, बिजयका सफलतापूर्ण प्रयासका चित्रहरू हुन्छन् । त्यस बखत म आफूले आफैंलाई भन्दछु, यिनै हुन् ती दिव्य प्रकाशका सैनिक, परमेश्वरका जगतका योद्ध, मनुष्य र समाजलाई बनाउने शिल्पकार तथा आत्माको सम्मुख आई पर्ने प्राकृतिक कठिनाईहरूसँग निर्भिक भएर संघर्ष गर्ने अदम्य विजेता । यदि सार रूपमा भनौं भने यी सबै तथ्यको अमिट छाप जो म मा परेकोछ त्यो हो, आध्यात्मिक कृयात्मकता । साधारणतया आध्यात्मिकता र कृयात्मकता यी दुई शब्द बिल्कुलै विपरीत हुन् भन्ने सम्झिइएकाछन् तर यी दुई शब्दलाई मिलाएर प्रयुक्त गर्नु नै महर्षि दयानन्दको सही परिभाषा रहेको मलाई प्रतीत हुन्छ ।

महर्षि दयानन्दले प्रचीन आर्य तत्वलाई राष्ट्रिय चरित्रमा पुनस्थापित गरिदिनु भएकोछ । वहाँको अन्तरा–त्मामा जे जति सत्य प्रकाश प्रविष्ट भए ती सबैलाई वहाँले आफ्नो कब्जामा राख्नुभयो, आफू भित्र घुलमिल्याउनुभयो, सिद्धहस्त भएर तिनलाई आकारमा परिणत गरिदिनुभयो र वहाँले उचित ठान्नुभएका अन्तरात्माका आवाजलाई आकारका रूपमा भूमण्डलमा स्थापित गरिदिनुभयो । महर्षि दयानन्दमा जो लडाकुपन तथा आक्रामकपन हामी देख्दछौं त्यो वहाँको आत्म निर्धारणको बलकोनै भाग हो ।

वहाँ केवल प्रकृतिका महान करामत प्रति मात्र नमनशील हुनुहुन्नथ्यो, जीवन र प्रकृतिलाईपनि नमनशील

सामग्रीको रूपमा प्रयुक्त गर्ने आफ्नो सामर्थ्य र अधिकारलाई पनि वहाँले दृढतापूर्वक स्थापमा गर्नुभयो। हामी कल्पना गर्न सक्दछौं कि हामी भित्र पुरुष र कर्मको श्रोतलाई अपर्याप्त देखेर वहाँको आत्माले आज पनि चिच्याई चिच्याईकन भनिरहेकोछ, 'हे भारतवासी हो: केवल अनन्तताको भावमा डुबेर तथा अनिश्चित रुपले विकास गरेर मात्र सन्तुष्ट नहोओ, राम्ररी विचार गर, परमेश्वर तिमीहरूलाई के बनाउन चाहनुहुन्छ? भगवानको यो प्रेरणाको प्रकाशमा आफूलाई वहाँको मार्गदर्शन अनुरुप ढालेर तयार पार। विचारक बन्नुको साथै कर्मठ पनि बन, आत्माको साथै मनुष्य पनि बन। यो सबै कुरा दयानन्द स्वयंमा विद्यमान थियो। वहाँ यस्तो मनुष्य हुनुहुन्थ्यो जसको आत्मामा परमात्माको वास थियो, आँखामा दिव्य दृष्टि थियो तथा वहाँको हातमा दिव्य दृष्टि अनुसार जीवनमा व्यवहारिकता दिने शक्ति थियो। वहाँको काममा सर्वत्र स्वत: स्फूर्त शक्ति र निश्चयात्मकताको छाप थियो। भारतीय जीवन र संस्कृतिको मूलसम्म पुगेर तिनलाई नवीन जन्म दिनको लागि वहाँले भारतीय संस्कृतिको सबभन्दा पहिले फूलेको फूलबाट बीज ल्याईदिनुभयो। वहाँको यो एक यस्तो बौद्धिक साहसी कार्य थियोकि वहाँले अज्ञानयुक्त तर्कवितर्क गरेर विकृत पारिएको, सही अर्थ र अभिप्राय हराई सकेको, जङ्गली जातिले लेखेको रुपमा सम्झिइने गरेको वेदलाई पुनरूद्धार गरिदिनुभयो। राष्ट्रलाई उत्थान गर्न हाम्रा पूर्वजहरूका गहिरो र प्रबल भावना रहेको, दिव्य

ज्ञान, दिव्य पूजा र दिव्य कर्मका चर्चाले ओतप्रोत भएको वेदको सच्चा स्वरूप र श्रेष्ठतालाई वहाँले राम्ररी बुझ्नुभयो र बुझाइदिनु पनि भयो ।

मलाई थाहा छैन, वेद उपरको महर्षि दयानन्दको ओजस्वी र मौलिक भाष्य सर्वमान्य होला वा नहोला म सोच्दछु यस अगाध र आश्चर्यजनक ईश्वरीय ज्ञान (वेद)का अरु अरु पक्षमा पनि स्पष्टीकरण हुनुपर्ने केही सूक्ष्म कार्य अझ पनि शेषनै होलान् तर यस कुराले त्यति महत्व राख्दैन । मुख्य कुरात यो हो कि दयानन्दले भारतमा युगौंयुग देखि चलिआएको वेदलाई चट्टानको रुपमा ग्रहण गरेर आफ्नो सूक्ष्म दृष्टिद्वारा यौवनको सम्पूर्ण शिक्षा अर्थात् समग्र मनुष्यता तथा सम्पूर्ण राष्ट्रीयतालाई ध्यानमा राखी यस चट्टानमाथि वेदको भवन वनाउने साहसपूर्ण विचार गर्नु भयो ।

हाम्रो वास्तविक मूलभूत बीज वेद हो भन्ने कुरा वहाँले छर्लङ्ग देख्नुभयो । वहाँबाट जुन रचनाहरु सृष्टि भए ती चाहे प्रचलित परम्पराहरूका जतिसुकै विरूद्ध भएपनि निसन्देह गहन रुपमा विचार गर्दा राष्ट्रीयताले ओतप्रोत भएको हामी पाउँदछौं । राष्ट्रीयताको अभिप्राय एकै ठाउँमा रोकिनु होइन, अतीतको संजीवनी शक्ति ग्रहण गरेर त्यसमा वर्तमान जोवनको धरामा मिलाईदिनुनै सही रुपमा पुनरुद्धार र नवनिर्माणको सबभन्दा ठूलो शक्तिशाली उपाय हो । वर्तमानको साँचोमा जीवन भर्नको लागि महर्षि दयानन्दले अतीतको यसप्रकारको तत्व र भावनालाई पुनर्जीवित गरिदिनु भएकोछ । हामी देख्दछौं, वहाँले आफ्नो जीवनमा जस्तै

कार्यमा पनि त्यस अतीतलाई ग्रहण गरिराख्नु भयो जो आफ्नो आदि श्रोतबाट सोधा आएको पवित्र र निर्मल शक्तिको प्रथम प्रवाह थियो। यो आफ्नो मूलभूम नियमको ज्यादै निकट हुनाले नित्य नूतन रहन योग्य पनि छ तथा शाश्वत् तत्वको पनि ज्यादै नगिच छ। यसमा हामी पूर्ण स्पष्टता, सत्य र इमान्दारीको आन्तरिक तत्वबाट स्फूर्त, निश्चित र प्रबल रचनाको शक्ति पाउँदछौं। कुनै व्यक्तिको आफ्नो मनमा स्पष्ट हुनु, आफ्नो कार्यको परिस्थिति तथा साधनामा पूर्णरूपले इमान्दार हुनु आजको टेडो र पेचिदो तथा लडखडाइरहने मनुष्य जातिमा एक दुर्लभ देन हो। आर्य कार्यकर्तामा यस्तै भावना हुन्छ तथा यहीनै हो तेजोमय सफलता पाउने निश्चित रहस्य पनि। प्रकृति आफ्नो द्वारमा कसैले गरेको खटखटाहटलाई चिन्दछीन र सोही अनुरुप सजगता तथा प्रयत्नपूर्वक त्यसको उत्तर पनि दिन्छिन्। यस्ता आचार्यको आत्माले नै आफ्ना अनुयायीहरूमा आफ्नो चिन्ह छोडेर जान्छन् तथा देशका कुनै पनि स्थानमा यस्ता संस्था विद्यमान भएर यिनका कार्यकर्ता अघि सरेर उचित र आवश्यक काम पूरा गरेरै छाडदछन्।

सत्य निकै सरल देखिन्छ तर यो वेहोर्न निकै कठीन हुन्छ। वैदिक शिक्षाका मूलमन्त्र सबै सत्य थिए: आत्मामा सत्य, दृष्टिमा सत्य, संकल्पमा सच्चाई तथा कार्यमा सच्चाई। कृयात्मक सत्य, आर्यत्व, आन्तरनिस्कपटता, आजव, हृदयमा अटल सच्चाई; स्पष्टता, वाणी र कर्ममा प्राञ्जल उदात्तता। यो सबै प्राचीन आर्य नैतिकतामा स्वभावत: निहित थिए।

यो सबै कुरा शुद्ध र अविकृत शक्तिकै रहस्य हो तथा मनुष्य प्रकृतिको निकटमै थिए भन्ने कुराको प्रमाण पनि हो। ईश्वरका सच्चा पुत्र, दिवस्पुत्र हुनुको प्रमाण पनि यही हो। यही त्यो छाप हो जसलाई महर्षि दयानन्दले छोडेर जानु भएकोछ तथा यहीं वहांको चिन्ह र प्रतिभा पनि हुनुपर्दछ। यसद्वारानै वहाँको कुनै पनि कार्य स्पष्टसंग थाहा पाउन सकियोस् कि यो काम वहाँबाटै प्रवर्तित भएका हुन् भन्ने स्पष्ट थाहा होस्।"

अन्त्यमा भगवानसंग प्रार्थना गर्दै महर्षि अरविन्द भन्नुहुन्छ, "महर्षि दयानन्दको भावनालाई शुद्ध, अविकृत, अपरिवर्तित रूपमा भारतमा काम गर्ने प्रेरणा सबैलाई मिलोस् तथा हामीलाई त्यो वस्तु फेरि प्राप्त होस् जो हाम्रो जीवनको लागि अति आवश्यकछ। त्यो वस्तु हो, शुद्ध शक्ति उच्च स्पष्टता, सूक्ष्मदर्शिनीदृष्टि, सिद्ध हस्तता तथा श्रेष्ठ एवं प्रभूत्वपूर्ण सत्यता।" अस्तु।

## महर्षि दयानन्द र वेद

महर्षि दयानन्द र वेदको बारेमा महर्षि अरविन्द यस्तो भन्नुहुन्छ:

"महर्षि दयानन्दले वेदलाई नै आफ्नो दृढ आधार-शिलाको रुपमा अपनाउनु भयो। वेदलाई नै वहाँले आफ्नो जीवनको मार्गदर्शक, आफ्नो आन्तरिक सत्ताको नियम तथा

आफ्नो बाहिरी क्रियाकलापको प्रेरणा प्रदाता सम्झनु हुन्थ्यो । यति मात्र होइन वेदलाई शाश्वत सत्य वाणी मान्नु हुन्थ्यो । मनुष्यको लागि ईश्वर सम्बन्धी ज्ञान तथा भगवान र मानव बीचको सम्बन्ध कायम गर्नको लागि वेद नै उचित र दृढ आधार हो भन्नु हुन्थ्यो । एकातिर धेरै मानिस वेदलाई मामुली गोठाले गीत र प्राकृतिक घटनाका पुजक सामग्रीको रूपमा हेर्दथे । अरू कोही कोहीले त यतिसम्म पनि भन्दथे कि वेदमा केवल कर्मकाण्डमा बडबडाउने अर्ध धार्मिक र अर्ध जादुगरी स्तोत्रहरू मात्र छन् । आदिकालका अन्ध श्रद्धालु पशुसमान मानिस यस्तो आशा गर्दथे कि वेद पढ्यो भने सुन, अन्न, पशु प्राप्त हुन्छन् , आफ्ना शत्रुलाई पराजित गर्न सकिन्छ, आफुलाई रोगबाट तथा अरु अनर्थ र राक्षसी प्रभाव-बाट बचाउन सकिन्छ तथा यहाँ स्वर्गीय आनन्द भोग्न पाइन्छ । यी दुई विचारका साथ तेश्रो विचार पनि जोडन सकिन्छ । त्यो हो, परम्परागत कट्टरपन्थी विचार । यो विचार आचार्य सायणको भाष्यबाट निक्लिएको थियो । नीच कोटीको यस्तो व्याख्यालाई पावन धर्मशास्त्र र पवित्र कर्म वा यज्ञको ग्रन्थ को रूपमा उत्कृष्ट मान्नेहरू पनि छन् ।

वेदको विषयमा हमेशा दुई परस्पर असंगत परम्परा रहिरहेको छ, पहिलो हो, वेद कर्मकाण्डीय र गाथात्मक ग्रन्थ तथा दोश्रो हो, वेद दिव्यज्ञानको ग्रन्थ । ब्राह्मण ग्रन्थले पहिलो परम्परा अर्थात् कर्मकाण्डलाई आधार मान्यो र कर्मकाण्डलाई नै अपनायो भने उपनिषदले दोस्रो परम्परा अर्थात् दिव्यज्ञान लाई पछि गएर पण्डितहरूले वेदलाई केवल कर्मकाण्ड तथा

सांसारीक कार्यको पुस्तकको रूपमा मात्र मान्न लागे तथा विशुद्ध ज्ञान प्राप्तीको लागि अन्तै खोज्न थाले । तर पनि मानिस आफ्नो सहज प्रेरणावश वेदको अगाडि झुक्दै गए, वेदका उच्चतर परम्पराको अस्पष्ट स्मृति आफू भित्र अदम्य रूपले कायमै राखे । आज हाम्रो यस युगमा वेद उपर परेको घृणाको पर्दा हटाई दिदा पनि पहिलेकै घटना पुनरावृत्ति भइरहेका छन् । आज एकातिर पाश्चात्य विद्वानहरूले सायणको निर्देसनलाई फैलाउँदै वेदलाई प्राकृतिक देवताहरूको गीतहरू र कर्मकाण्डका स्तोत्रहरूको ग्रन्थको रूपमा राखि-दिएका छन् भने अर्कोतिर महर्षि दयानन्दको दृष्टिबाट हेर्नेहरूले कैयौं शताब्दी देखि दोहोरिदै आएका गलत धारणा लाई पन्छाई फेरि यो तथ्यलाई साक्षात् गरिदिए कि वेद अनादि दैवो प्रकाशको अन्तर्प्रेरित ज्ञान हो तथा मानवतालाई प्रदान गरिएको दिव्य सत्य हो । जे सुकै होस् अब हामीलाई वेदको विषयमा यी दुई विचारहरू मध्ये कुनै एउटाको चुनाव गर्नु परेको छ । कोही कोहीले दयानन्दले गर्नु भएको वेदको अर्थलाई सत्य होइन, कल्पना, कुशल पाण्डित्य तथा चातुर्यपूर्ण कृत्रिम मनमानी रचना हो , वहाँको शैली स्वच्छन्द र वेढंगी छ तथा समालोचनात्मक तर्कबाट स्वीकार गर्न सकिदैन भनी दोष लगाएका पनि छन् । दयानन्दले वेदलाई ईश्वरीय ज्ञान भनी राख्नु भएको विचार नै त्यो अन्धविश्वास हो जसलाई मानिसले छोडिदिइसकेका छन् । यसलाई फेरि आज आएर सत्य भन्नु ज्ञानवान पुरुषको लागि असंभव छ भनेर पनि भन्दछन् । महर्षि दयानन्दले वेद मन्त्रहरूको जो व्याख्या गर्नु

भएको छ त्यो कति सम्म ठोस छ यस कुराको परीक्षा म यहाँ अहिले गर्दिन। उहाँको वेदभाष्य उपर भविष्यमा के राय कायम गर्ने छन् यस कुराको भविष्यवाणी पनि गर्दिन न त वहाँको ईश्वरीय ज्ञानको सिद्धान्त उपर विवादनै गर्दछु। म यहाँ केवल वहाँको वेद विषयक विचारको आधारभूत सिद्धान्तको मात्र वर्णन गर्दछु जो मैले देखेकोछु। मेरो विचारमा कुनै महात्माको कर्म र विचारमा प्राणभूत वस्तु यो हुँदैनकि वहाँले तिनलाई के रूप दिनुभयो। मानवीय उपलब्धी तथा दिव्य संभाव्यताको स्वल्प भण्डारमा वहाँले आफ्नो कर्मद्वारा के कस्तो सहायक शक्ति प्रकटगर्नु भयो तथा के कस्तो सहायक सत्य अरू थपिदिनुभयो यसलाई हेर्नु-पर्दछ। त्यसकारण सायणको परम्परागत भाष्यलाई स्वीकार गर्ने जस्ता व्यक्तिले महर्षि दयानन्दका कार्यलाई निरादर गर्न र वहाँलाई नचाहिंदा आरोप लगाएर वहाँले वेदको अर्थ मनमानीसंग कपोलकल्पित ढंगले गर्नुभएकोछ भनेर आलोचना गर्न शोभा दिँदैन ॥

वेदको कुनैपनि व्याख्याको सफलता वा विफलता वैदिक धर्मको मूलभूत सिद्धान्त के मानिएकोछ तथा स्वयं वेदको आफ्नो अन्तः साक्षीलाई त्यस सिद्धान्त या विचारले कहाँसम्म पुष्टि गर्दछ यस कुरामा निर्भर गर्दछ। यस विषयमा महर्षिको दृष्टिकोण बिल्कुलै स्पष्ट र अखण्डनीय छ। वेदका सूक्तिहरूमा अनेक नाम द्वारा एउटै परमदेवताका गीत गाइए-काछन्। यी नामहरू तिनका गुण र शक्तिलाई बुझाउनको लागि बहुतै सोचविचार गरेर रचिएकाछन्। महर्षि दया-

नन्दले यस्तो तत्थ्यपूर्ण विचारलाई पनि वहाँको चातुर्यपूर्ण कल्पना भन्न मिल्ला ? कहिल्यै मिल्दैन ।

सारा वेदमा हामी यस विचारलाई पुष्टिगरेको पाउँदछौं, अग्नि, इन्द्र या अरू सबै रूप उही परंदेवका शक्ति हुन् । वेदमा एकएक देवतालाई जगतका पति या विश्वका राजा मानेकोछ त्यो 'एकमेव परम देवको' लागिनै प्रयुक्त हुनसक्दछ । तर पश्चिमी विद्वान यस कुरालाई मान्दैनन् । उनीहरू भन्दछन्, वेदले एक ईश्वर होइन अनेक ईश्वर मान्दछ । वेद मन्त्रको आशयनै नबुझी आफ्नै विकासवादी सिद्धान्तलाई कायम राख्न चाहनें पश्चिमी विद्वानहरू वेदको वास्तविकता बुझून् पनि कसरी ? तोडमरोड नगरिकन मूल वेदलाई स्पष्ट रूपले कसले बताइदिइरहेछ त ? दयानन्दले वा युरोपेली विद्वानले ?

जब वेदका सारा स्वरूप महर्षि दयानन्दद्वारा निर्धाशित वेदको अर्थ अनुसारनै सुनिश्चित हुन जान्छन् त्यस अवस्थामा सायणको कर्मकाण्डपरक, गाथावादी र वहुदेहात्मक व्याख्या तथा प्रकृतिवादी, अन्तरीक्ष विद्यापरक युरोपियन व्याख्या बिलीन हुनेछन् । तब यिनको स्थानमा विश्वको पवित्रतम, उदात्त तथा महिमाशाली ईश्वरीय शास्त्र हामीले पाउनेछौं । वेदको विषयमा महर्षिका सबै मन्तव्य यिनै आधारभूत विचारका तर्कसंमत परिणाम हुन् । यदि देवताहरूको नामले एउटै परमदेवका गुणहरू बताउँदछन् तथा ऋषिहरु यिनै गुणहरुको उपासना गर्दथे तथा यतैतिर आफ्नो अभिप्सालाई प्रेरित गर्दथे भने अवश्यनै वेदमा दैवी प्रकृतिको

अध्यात्म विद्या तथा परमात्मासँग मनुष्यको सम्बन्ध कायम गर्ने विद्याको विशाल भाग हुनुपर्दछ तथा त्यसबाट मनुष्य-लाई भगवतमुखी बनाउने नियमक विधानका सतत् निर्देश पनि हुनुपर्दछ । यस बारेमा महर्षि दयानन्द भन्नुहुन्छ, वेदमा यस्ता नैतिक तत्व विद्यमान छन्, वेदमा जीवनका यस्ता शाश्वत नियम पाइन्छन् जो परमेश्वरले मानव उत्थानको लागि प्रदान गर्नुभएको हो । विश्व सम्बन्धी तत्व, सृष्टिरचना-का रहस्य र प्रकृतिको विधान समेत वेदमा छन् जसद्वारा सर्वज्ञ देव जगतमाथि शासन गर्दथे भनी महर्षि भन्नुहुन्छ ।

न त पाश्चात्य विद्वानले वेदका मन्त्रका आध्यात्मिक र नैतिक महत्वलाई विलुप्त पार्न सके न त कर्मकाण्डीय पण्डितहरूले नै सके । यी दुवै आ-आफ्ना निराधार तर्कले वेद-लाई अवमूल्यन गर्नमा लागिरहेकैछन् । तर वेदका ऋचाहरूमा ज्ञान, शक्ति र पवित्रताका प्रभू, पवित्रीकारक, दुःख र अशा-न्तिका निवारक, पाप र झूठका विध्वंसक तथा सत्यका योद्धा हुन् भनी वैदिक देवताहरूको वर्णन पाउँदछौं । ऋषिहरू ती परमदेवसँग हमेशा यही प्रार्थना गर्दथे, हे भगवान्! हाम्रो दुःख हरणगर, हामीलाई पवित्र पारिदेउ, हामीलाई ज्ञानका द्रष्टा र सत्यका स्वामी बनाइदेउ, हामीलाई आफ्नो बल, पौरूष र शक्तिले सहायता गर । वेदमा भएको यस इश्वरीय सत्य र धर्मको विचारलाई महर्षि दयानन्दले कहीं बाहिरबाट ल्याउनु भएको होइन । यहुदिहरूको बाइबल तथा पारसीहरुको अवस्ता भन्दा पनि वेद धेरै बढी ईश्वरीय विद्याको ग्रन्थ हो ।

वेदमा विश्वसम्बन्धीतत्वको पनि ऋषिहरूले सुस्पष्ट

ढङ्गले यसरी व्याख्या गरेको पाइन्छ, यहाँ अनेक लोक छन् तथा तिनका आ–आपना नियम छन् । जुन नियमद्वारा यी शासित हुन्छन् । विश्वमा देवताहरूकै क्रिया प्रणाली कार्य गरिरहेका छन् । तर महर्षि दयानन्द यस भन्दा पनि माथिको कुरा बताउँदै भन्नुहुन्छ, आधुनिक भौतिक विज्ञानका चमत्कारहरू वैदिक मन्त्रबाटै प्राप्त हुन् । आजको ज्ञानको प्रगति हामी जो देख्दछौं तिनले महर्षिकै विचारलाई उत्तरोत्तर पुष्टि गरेका छन् । पुरातन सभ्यतामा अवश्य पनि अनेक वैज्ञानिक रहस्य थिए ती मध्ये कुनै १/२ लाई मात्र आधुनिक विद्याले पुनः प्राप्त गरेर विस्तृत र समृद्ध बनाए । वेदमा धार्मिक सत्य जस्तै वैज्ञानिक सत्य पनि निहित छ । तर वेदमा एउटा अर्को सत्य पनि छ जो वर्तमान जगतले पाएको छैन । यसरी यो कुरा भन्न सकिन्छ कि महर्षि दयानन्दले वैदिक विद्याको गम्भीरता र विशालताको बारेमा अत्युक्ति गर्नु भएको छैन वरू न्यूनोक्तिनै गर्नु भएको छ ।

भाषा बिज्ञान र व्युत्पत्ति शास्त्रको जुन पद्धतीबाट वहाँ आपनो परिणाममा पुग्नु भएकोछ त्यस उपर पनि आपत्ति उठाईएका छन् तर म निश्चित रूपले अनुभव गर्दछु कि यस्तो आपत्ति उठाउनु भूल हो । यस्तो हुनाको कारण हो हामी प्राचीन भाषाको अनुशीलनमा पनि आधुनिक विचारलाई घुसाउन थाल्दछौं । आधुनिक मानिस शब्दको प्रयोग चल्तो सिक्का जस्तै गर्दछ जसमा शब्दका मूलभूत अर्थलाई वास्तै नगरी गरिन्छ । बोल्दाखेरी हाम्रो ध्यान केवल कथित पदार्थमा मात्र हुन्छ त्यसको व्यन्जक

शब्द बिलकुलै रहँदैन मानौं शब्द त केवल चल्तीका सिक्का-हरू मध्येका एक सिक्का जस्तो निर्जीव र निस्तेजवस्तु सरह हुन्। यसको बिपरीत प्राचीन भाषामा शब्दको अर्थ बोध गराउने मूलभूत शक्तिको सजीव वस्तु हुनुको साथै शब्दको मूल अर्थ, ओजस्विता र वैभव वक्ताको अन्तकरणमा स्पष्ट रूपले विद्यमान हुन्थ्यो।

नयाँ भाषा विज्ञान एकदमै दोषपूर्ण भैकनपनि निरूक्तका कमीहरूलाई पुरा गर्नको लागि हामीलाई यसले मद्दत दिन्छ। वेदको अर्थलाई स्पष्ट पार्नको लागि यी दुवै श्रोतको उपयोग गर्नु पर्दछ। तर सबै मौलिक सिद्धान्त तथा त्यस महान आधारभूत निर्णयमा बुद्धि खेलाउनको लागि जब दिव्य अन्तर दृष्टिको सहायता प्राप्त गर्नु पर्ने हुन्छ त्यस वखत महर्षि नै सर्वोचित हुनुहुन्छ तथा स्वयं बेदमा प्रतिपादित तत्वद्वारा तथा तर्क र युक्तिद्वारा महर्षि नै सही सावित हुनुहुन्छ।

महर्षिदयानन्दमा भएको इश्वरीय ज्ञानलाइ लिएर उठेका प्रश्नहरूमा श्री अरविन्द यस्तो भन्नु हुन्छ। "यहाँ लेख्ने ठाउँ पुगेन ता पनि यस विषयमा यतिनै भन्नु प्रर्याप्त हुने छ कि ईश्वरीय ज्ञान त्यसको विषयमा पनि महर्षि पूर्णरूपले युक्तिसंगत देखिनु हुन्छ, वहाँले यस सिद्धान्त उपर जे जति भन्नु भएका छन् तो सत्य होइनन् भनी लगाइएको दोष बिलकूलै हास्यास्पद छन्। यदि हामी सत्ताको बारेमा केही मात्र पनि बुझ्न चाहान्छौं भने हामीले यो कुरा स्वीकार गर्नु पर्दछ कि यहाँ तीन आधारभूत तत्व सधैं विद्यमान छन् ती

हुन्, परमेश्वर, प्रकृति र जीवात्मा। यिनको पारस्परिक सम्बन्ध बारेमा पनि बुझ्नु पर्दछ। महर्षि दयानन्दसँग यस्ता ठोस आधार छन् जसले वेदद्वारा हामीलाई परमेश्वरको दर्शन गराइदिन्छ, प्रकृतिको नियम बताइदिन्छ तथा प्रकृति र परमेश्वर सँगै जीवात्माको सम्बन्ध पनि बताइदिन्छ।

**यस परिक्षेदमा अरू केही महापुरुषहरूको उद्घोषका अंशहरूलाई अनुवाद गरी प्रस्तुत गरिएकोछ:**

महर्षि श्री दयानन्दको बारेमा आफ्नो अन्तरात्माको उद्घोष **महात्मा गांधी** यसरी प्रकट गर्नुहुन्छ:-

"भारतका आधुनिक ऋषिहरूमा, सुधारक र श्रेष्ठ महापुरुषहरूमा महर्षि दयानन्द एक हुनुहुन्थ्यो। वहाँको चरित्र मेरो लागि ईर्ष्याको बिषय भएकोछ। वहाँको जीवनको प्रभाव हिन्दुस्तान माथि ज्यादै बढी मात्रामा परेकोछ।"

यसैगरी भारतका प्रकाण्ड विद्वान, विचारक, दार्शनिक तथा नोवेल प्राइज विजेता **रवीन्द्रनाथ टैगोर** आफ्नो अनुभव यसरी पोख्नुहुन्छ:

"सम्पूर्ण भारतवर्षलाई अविद्या, आसत्य र प्रचीन ऐतिहासिक तत्वको अज्ञानताबाट मुक्त गराएर सत्य र पवित्रता जागरण गराउन तम्सनुहुने ती महानगुरु दयानन्दलाई म सादर प्रणाम गर्दछु। साथै आधुनिक भारतका मार्गदर्शक महर्षि दयानन्दजी सरस्वतीलाई म हृदय देखिनै श्रद्धाञ्जली पनि समर्पित गर्दछु।"

स्वतन्त्र संग्रामका वीर सेनानी तथा भारतका सपूत,

चीरस्मरणीय कर्मठ योद्ध, नेताजी श्री सुवासचन्द्रवोस महर्षिका विषयमा यस्तो उद्‌गार व्यक्त गर्नु हुन्छ:

"महर्षि दयानाद सरस्वती ती महापुरुषहरू मध्ये एक हुनुहुन्थ्यो जसले आधुनिक भारतको (धार्मिक, सामाजिक तथा राजनैतिक) निर्माण गऱ्यो। हिन्दू समाजलाई उद्धार गर्ने कार्यमा आर्य समाजको महत्वपूर्ण हात छ। पंजावका प्रत्येक नेता आर्य समाजी हुन् भन्ने कुरा भन्दाखेरी अतिसयोक्ति हुने छैन।"

पंजाव केसरी लाला लाजपतराय आफ्नो उद्‌घोष यसरी पोख्नुहुन्छ:

महर्षि दयानन्द मेरा गुरु हुनुहुन्छ। संसारमा मैले वहाँलाई मात्र गुरु मानेकोछु। वहाँ मेरो धर्मपिता र आर्य समाज मेरी धर्ममाता हुनुहुन्छ। वहाँहरू दुईजनाकै काखमा म हुर्केको हुँ। मलाई यस कुराको गर्व छ कि मेरो गुरुले नै मलाई स्वतन्त्रताको पाठ पढाउनु भएको हो।"

प्रकाण्ड विद्वम सैयद अहमदखां आफ्नो मनको भाव यस्ता शब्दद्वारा पोख्नुहुन्छ:

महर्षि दयानन्द यति असल र विद्वान पुरुष हुनुहुन्थ्यो कि प्रत्येक धर्मका अनुयायीहरूको लागि सम्मानका पात्र हुनुहुन्थ्यो।

पश्चिम जगतका दार्शनिक र प्रकाण्ड विद्वान मैक्समूलर उपर परेको महर्षिको प्रभाव हामी वहाँको निम्नोक्त विचारबाट बुझ्न सक्दछौं:

भारतवर्षमा स्वामी दयानन्द एक विशिष्ठ विद्वान

हुनुहुन्थ्यो । वहाँको धर्मका नियमहरूको मूल आधारनै ईश्वकृत वेदमा थियो । वहाँलाई वेद कण्ठस्थ थियो । वहाँको मन र मस्तिस्कमा वेदले घर जमाएको थियो । वर्तमान समयमा संस्कृतका एक मात्र वडा विद्वान, साहित्यका पुतला, वेद विद्, अत्यन्त प्रवल नैयायिक तथा विचारक यदि भारतमा कोही थिए, भए भने ती महर्षि दयानन्द सरस्वतीनै हुनुहुन्थ्यो ।

अर्का पश्चिमी विद्वान पाल रिचार्ड आफ्नो भावना यसरी पोख्नुहुन्छ:

स्वामी दयानन्द निसन्देह एक ऋषि हुनुहुन्थ्यो । मानिसलाई वन्धनबाट मुक्त गर्न र जाती वन्धन तोड्नको लागिनै वहाँको प्रादुर्भाव भएको थियो ।

यसैगरी अर्का पश्चिमी विद्वान र विचारक विन्टर निट्ज आफ्नो बिचार यसरी व्यक्त गर्नुहुन्छ:

वेद अध्ययन गर्न हामीलाई प्रवल प्रोत्साहन दिने तथा मूर्तिपूजा वेदसम्मत छैन भनी सिद्ध गरिदिनु हुने स्वामी दयानन्दको उपकारलाई अवश्य पनि स्वीकार गर्नै पर्दछ ।

# निवेदन

महर्षि दयानन्दद्वारा प्रतिपादित संस्कार विधिको प्रमाण अनुरुप हवन कुण्ड नेपाल आर्य समाज केन्द्रीय कार्यालयमा उपलब्ध छ। मूल्य लागत मात्र २५०।- छ, इच्छुक धर्मप्रेमी बन्धुहरूले सम्पर्क गर्नु होला।

सहयोग रू. २५।-

गुरु विरजानन्द दण्डी
ग्रन्थ पुस्तकालय
परिग्रहण क्रमांक 1605
दयानन्द महिला महा

मुद्रक: आर्य छापाखाना प्रा०लि० देवनगरी, जयवागेश्वरी काठमाडौं

# विश्व शान्तिका आधार

## आर्यसमाजका दश नियम

१ सबै सत्यविद्या र विद्याद्वारा जानिने पदार्थको आदिमूल परमेश्वर हो ।

२. ईश्वर सच्चिदानन्दस्वरूप, निराकार, सर्वशक्तिमान्, न्यायकारी, दयालु, अजन्मा, अनन्त, निर्विकार, अनादि, अनुपम, सर्वाधार, सर्वेश्वर, सर्वव्यापक, सर्वान्तर्यामी, अजर, अमर, अभय, नित्य, पवित्र र सृष्टिकर्त्ता हो, उसैको उपासना गर्नु उचित हुन्छ ।

३. वेद सबै सत्यविद्याको पुस्तक हो, वेद पढ्नु-पढाउनु र सुन्नु-सुनाउनु सबै आर्यको परमधर्म हो ।

४. सत्यलाई ग्रहण गर्न र असत्यलाई छोड्नमा सर्वदा उद्यत रहनुपर्दछ ।

५. सब काम धर्मानुसार अर्थात् सत्य र असत्यको विचार गरेर गर्नु पर्दछ ।

६. यस समाजको मुख्य उद्देश्य संसारको उपकार गर्नु अर्थात् शारीरिक, आत्मिक र सामाजिक उन्नति गर्नु हो ।

७. सबसँग प्रीतिपूर्वक ,धर्मानुसार, यथायोग्य व्यवहार गर्नु पर्दछ ।

८. अविद्याको नाश र विद्याको वृद्धि गर्नु पर्दछ ।

९. प्रत्येकले आफ्नै उन्नतिमा सन्तुष्ट नरहेर सबैको उन्नतिमा नै आफ्नो उन्नति सम्झनुपर्दछ ।

१० सबैले सामाजिक सर्वहितकारी नियम पालन गर्नमा परतन्त्र र प्रत्येक हितकारी नियममा स्वतन्त्र रहनुपर्दछ ।

—महर्षि दयानन्द सरस्वती

# सूचना

श्री अरविन्द योगमन्दिर श्री ५ को सरकारबाट २०५०।५।६ मा स्वीकृत भै पशुपति क्षेत्र विकासकोष कार्यालय रहेको भवनको तल्लो तलाको कोठामा सञ्चालन भएको छ, हाल श्री अरविन्द तथा माताजीहरूबाट पूर्णयोग सम्बन्धमा प्रकाशित भएका अमूल्य ग्रन्थहरू राखी वाचनालय समेत खुलिसकेकोले इच्छुक महानुभावहरूले दिनको २ वजे देखि ६ वजे सम्म अध्ययन गर्नसक्नुहुने कुरा सहर्ष जानकारी गराउँदछु, साथै नेपाल आर्य समाज एवं आरोग्य मन्दिरको तर्फबाट मानसिक रोगीहरूको उपचारार्थ आयुर्वेदिक पद्धति द्वारा ख्यातिप्राप्त आयुर्वेदाचार्य एवं कविराजहरूको सहयोगमा सोही भवनको कोठामा निर्धन व्यक्तिहरूको लागि निःशुल्क उपचारको व्यवस्था २०५० असोज १ गते देखि गरिनुका साथै ओ०पी०डी० को पनि समुचित व्यवस्था रहने छ।

झलक चन्द विष्ट
अध्यक्ष
अरविन्द योग मन्दिर
उपाध्यक्ष
नेपाल आर्य समाज के० का०
एवं
आरोग्य मन्दिर